व्यावसायिक कीट विकास कार्यक्रम

रेशमखेती विकास कार्यक्रम

# वार्षिक प्रगति तथा तथ्याङ्क पुस्तिका

## आ.व. २०८१/०८२



नेपाल सरकार

कृषि, वन तथा पर्यावरण मन्त्रालय

कृषि विभाग

व्यावसायिक कीट विकास केन्द्र

# रेशम विकास केन्द्र

खोपासी, काभ्रेपलाञ्चोक

फोनः ०११-४१००२५, ९८५११६१३२५

**Website :** https://www.sdc.gov.np **Email :** khopasisericulture2032@gmail.com

# दुई शब्द

कपडाहरुमा रेशम भन्नासाथ हलुका, मुलायम र मुल्यवान हुन्छ, जुन धनी र गरिब प्रायः सबैको चाहनाको वस्तु हो । रेशम प्राकृतिक प्रोटिनयुक्त रेशा भएकोले रेशमजन्य कपडाले स्वास्थ्यमा अनुकूल प्रभाव पार्दछ । रेशमखेतीका लागि चाहिने किम्बुबाट कीरापालन गरी कोया उत्पादनको माध्यमबाट निम्न तथा मध्यमवर्गका कृषकहरुको थप आय आर्जन एवं रोजगारी प्रदान गर्न सकिनुको साथै किम्बु क्रुड प्रोटिनको धनी श्रोत भएकोले कीरा पालन गरेर बाँकी रहने घाँस र बिष्टालाई पशुपालन र माछा लागि उपयोग गरी पशुपालन एवं माछाका लागि दानामा लाग्ने लागत कम गर्न सकिन्छ । त्यस्तै अदुवा बेसार कफी जस्ता छहारी प्रेमी बालीका लागि उपयुक्त दुरीमा किम्बु लगाई रेशमखेती र छहारी प्रेमी दुबै व्यावसायिक बाली एकसाथ प्रबर्द्धन गर्न सकिन्छ । हिउँदमा बर्गैंचा काँटछाँटबाट प्राप्त हुने हाँगा दाउरा ईन्धनको रुपमा उपयोग हुन्छ । नेपालको अधिकांस भूभाग मकै–कोदो लगाउने पाखो जमिनको डिलमा एक हात छोडी रुख आकारमा किम्बु बिरुवा हुर्काउँदा भूक्षय रोकथाम हुने, जमिनको उर्वराशक्ति सञ्चित हुनुका साथै किम्बु वनस्पतिले कार्वन उत्सर्जन कम गर्ने र वातावरण स्वच्छ राख्न मद्दत पुऱ्याउँछ । उत्पादित रेशम कोया प्रशोधनबाट घरेलु तथा हस्तकलामा आधारित रेशमजन्य उद्योग प्रबर्द्धन गर्न सकिन्छ । यिनै औचित्य र विशेषताहरुको कारण नेपालमा रेशमखेतीको क्षेत्र राम्रो रहेको छ ।

आ.व. २०३२/०३३ मा रेशमखेतीको विकास गर्ने उद्देश्यले खोपासीमा व्यावसायिक कीट विज्ञान आयोजनाको नामले कार्यालय स्थापना भई हाल कार्यालयको नाम रेशम विकास केन्द्र रहेको छ । यस कार्यालयको मुख्य मुख्य कार्यक्रममा रेशम कीराको मातृश्रोत संरक्षण, व्यावसायिक रेशम फुल उत्पादन, शित भण्डारण तथा वितरण व्यवस्थापन रहेको छ । आ.व. २०४१/०४२ मा स्याङजा, २०४९/०५० मा भण्डारा, २०५०/०५१ मा धनकुटा, २०५२/०५३ मा धुनिबेशी, बन्दिपुर र ईटहरी तथा २०६१/०६२ मा चित्तपोलमा गरी नेपालको रेशमखेती हुनसक्ने तराई देखि पहाडसम्म प्रतिनिधित्व हुने गरी रेशमखेती फार्म/कार्यालयहरु स्थापना भै सञ्चालनमा छन् ।

रेशम परम्परागत खेती नभएकोले प्राविधिक सेवा सुविधा र सुहलियत (अनुदान) पुऱ्याउन सकेको पकेट क्षेत्रमा मात्र अपेक्षित उपलब्धि हासिल गर्न सकिएको छ । अत्यन्त छोटो ईतिहासका बाबजुद् रेशम कीराको जर्मप्लाज्म बैंकको संरक्षण, सम्बर्द्धन एवं विकास र अन्तर्राष्ट्रियस्तरको बर्णशंकर रेशम फुल (बीज) उत्पादन गर्न शुरु गरी स्वदेश मै उत्पादित रेशम कीराको फुलबाट नेपाली कृषकहरुको माग पुरा गर्न सक्षम भएको छ । रेशमखेतीको क्षेत्र विस्तार, उत्पादनमा बृद्धि, बजार व्यवस्थापन, रेशम बीज आपुर्ति, कोयोत्तर कार्यहरु, तालिम र प्राविधिक सहयोग जस्ता कार्यहरुमा नेपाल सरकारको साझेदारीका रुपमा निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्र समेतको सहभागिता हुन सकेमा रेशमखेती कार्यक्रममा व्यापकता आउन सक्ने देखिन्छ ।

रेशमखेती विकास कार्यक्रमको ऐतिहासिक पृष्ठभूमि, कार्यालयको उद्देश्य, रणनीति, कार्यनीति, रेशमखेतीका मुख्य मुख्य समस्या, सञ्चालित कार्यक्रमहरु र उपलब्धि, परम्परागत मकै–कोदो बालीको तुलनामा रेशमखेती कार्यक्रमहरुको वस्तुस्थिति एवं तथ्यांक सम्बन्धमा जानकारी दिने उद्देश्यले यस पुस्तिका तयार पारिएको छ । यस विधामा संलग्न सबैका लागि रेशमखेती क्रियाकलापका बारेमा जानाकारी गराउन केही हदसम्म यस प्रकाशन फलदायी एवं सफल हुनेछ भन्ने आशा एवं विश्वास लिईएको छ । यस क्षेत्रमा प्रत्यक्ष एवं परोक्ष रुपमा संलग्न रहनु भएका विभिन्न क्षेत्रका महानुभावहरुलाई रेशमखेतीको विकास सम्बन्धमा आफुलाई लागेको र अनुभवका आधारमा हासिल भएको ज्ञान, सिप र जानकारी एवं सुझाव लिखित वा मौखिक रुपमा यस शाखामा पठाउनु भएमा हामी अत्यन्त अनुग्रहित हुने थियौं । यस सिलसिलामा उक्त सुझाव र सल्लाहलाई आगामी अंकमा समावेश गरी अझ परिष्कृत रुपमा प्रकाशन गर्न कृत संकल्पित छौं । प्रकाशनार्थ पुस्तिकालाई कार्यालयका सम्बन्धित ईकाइका प्रमुख एवं सहयोगी सबै कर्मचारीहरु समेतलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**– तोयानाथ जोशी**

बरिष्ठ बाली संरक्षण अधिकृत

# विषय सूची

## खण्ड १. परिचयात्मक विवरण


१. नेपालमा रेशमखेतीको ऐतिहासिक स्थिति ..... १
२. केन्द्रको मुख्य उद्देश्य ..... २
३. कार्य विवरण ..... ३
४. केन्द्रको भौतिक सम्पत्ति विवरण ..... ४
५. रेशम विकासका पूर्वाधार एवं भौतिक सुविधाको उपलब्धता ..... ४
६. सांगठनिक संरचना ..... ६
७. केन्द्रका मुख्य मुख्य एकाईहरु ..... ६
८. विगतका प्रयास र हालको अवस्था ..... ११
९. केन्द्रको दरबन्दी, जनशक्ति विवरण र कार्यविधि ..... ११


## खण्ड २. कार्यक्रम तथा प्रगति विवरण


१. रेशम विकास केन्द्रको बार्षिक प्रगति प्रतिबेदन ..... १२
२. वार्षिक खर्चको विवरण (आ.व. २०८१/८२) ..... १७
३. खर्चको सारांश ..... १७
४. सम्पादित मुख्य मुख्य कार्यको प्रगति विवरण ..... १८
५. बजेट विनियोजन तथा खर्च (पछिल्लो तीन आर्थिक वर्ष) ..... १९
६. भारित प्रगति स्थिति ..... १९
७. लक्ष्य तोकिएका सम्पन्न मुख्य मुख्य गतिविधिहरु ..... १९
८. बेरुजु कायम स्थिति ..... २०
९. राजश्व प्राप्तिको तुलनात्मक विवरण ..... २१
१०. फार्म केन्द्रमा उत्पादित बीउ बेर्नाको उत्पादन स्थिति (पछिल्लो ५ वर्षको) ..... २१
११. कार्यालय सञ्चालनमा सहयोगी जिन्सीहरुको विवरण ..... २२
१२. कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू ..... २२
१३. आन्तरिक समिक्षा क्रममा उठाइएका नीतिगत तथा मन्त्रालयसंग सम्बन्धित विषयहरु ..... २४

१४. केन्द्रमा माग भए अनुसारको रेशम फुल वितरण स्थिति.....२४
१५. मुख्य उपलब्धी भएका कार्यक्रमहरुको विवरण.....२४
१६. उल्लेखनीय कार्यहरु (लक्ष्य नतोकिएका) .....२५

## परिशिष्टहरु

परिशिष्ट १. रेशमखेती खोपासीमा रहेका भवनको विवरण र प्रयोजन.....२७
परिशिष्ट २. रेशमखेती विकास शाखामा रहेका ३५ जात मातृश्रोत रेशम कीराको जातीय विशेषता.....२९
परिशिष्ट ३. मातृश्रोत संरक्षण इकाइ.....३२
परिशिष्ट ४. फार्म केन्द्रस्तरमा शरदकालिन र वसन्तकालिन मौसममा गरिने रेशम फुल उत्पादन, प्रशोधन तथा भण्डारण र कृषकस्तरमा कोया उत्पादन फोलो चार्ट.....३३
परिशिष्ट ५. रेशमजन्य उत्पादनको मुल्य निर्धारण तथा सूची .....३५
परिशिष्ट ६. रेशम विकास केन्द्र, खोपासीमा संरक्षित रहेका किम्बुका जातहरुको विशेषता .....३६
परिशिष्ट ७. केन्द्रबाट सञ्चालित तालिमहरुको विवरण.....३८
परिशिष्ट ८. रेशम खेतीमा संलग्न संस्था तथा व्यक्तिको सम्पर्क नंवर.....४५
परिशिष्ट ९. विगतमा रेशम खेती पकेट क्षेत्र र कृषक समूहरुको विवरण .....४७
परिशिष्ट १०. आ.व. २०७७/७८ मा वसन्तकालिन रेशमकीरा पालन गरेका कृषकहरुको उत्पादनशिल किम्बु बिरूवा संख्या र कीरापालन क्षमता विवरण .....४९
परिशिष्ट ११. नेपालमा रेशमजन्य उत्पादनको आयात निर्यातको अवस्था.....५३
परिशिष्ट १२. केन्द्रको दरबन्दी विवरण .....५४
परिशिष्ट १३. केन्द्रमा कार्यरत कर्मचारीहरूको नामावली .....५५
परिशिष्ट १४. केन्द्रमा करार/दैनिक डोर हाजिरीमा काम गर्ने श्रमिकहरुको नामावली .५६
परिशिष्ट १५. कार्यविधि.....५८
परिशिष्ट १६. नेपालमा रेशम खेती गरिएको क्षेत्रहरु.....६६

# खण्ड १. परिचयात्मक विवरण

## १. नेपालमा रेशमखेतीको ऐतिहासिक स्थिति

रेशमखेतीको ईतिहास जापान, चीन र कोरियामा ५००० वर्ष पुरानो भएतापनि नेपालमा पाँच दशक मात्रै भएको छ । राणाहरु विदेश भ्रमणको क्रममा रेशमी धागोको कपडाबाट आकर्षित भएर रेशमखेती नेपाल भित्र्याउन सन् १९११ तिर राणा प्रधानमन्त्री चन्द्रशमशेरले भारतबाट रेशम फुल र प्राविधिक झिकाएर विभिन्न समयमा विरगञ्ज, काठमाण्डौमा रेशम कीरापालन तथा धागो काढ्ने प्रदर्शनीहरु गराए । सन् १९५० मा गोदावरी क्षेत्रमा किम्बु बिरूवा रोप्ने कार्य गरी रेशमखेतीको थालनी गरिएको हो । नेपालमा रेशमखेती सम्भाव्यता अध्ययनका लागि तत्कालिन कृषि शिक्षा तथा अनुसन्धान विभागले सन् १९६७ (आ.व. २०२४/२५) मा दुई पुस्ते रेशम कीराको फुल भारतबाट झिकाई राणाहरुको दरवारमा रहेको किम्बु बिरूवा प्रयोग गरी रेशम कोया उत्पादन नतिजा राम्रो भए पश्चात व्यावसायिक महत्वका कीराहरुको विकास गर्ने उद्देश्यले सन् १९७५/७६ मा खोपासीमा व्यावसायिक कीट विज्ञान आयोजनाको नामले मौरी सहित रेशमखेती केन्द्रको स्थापना गरी संस्थागत विकास भएको हो । वि.सं. २०४२ मा स्वर्गीय राजा वीरेन्द्रबाट खोपासी केन्द्र निरीक्षणको क्रममा मौरी पालन कार्यलाई गोदावरीमा स्थानान्तरण गरी रेशमखेतीलाई खोपासीमा यथावत् राखी कृषकस्तरमा रेशमखेती प्रारम्भ हुन थाल्यो ।

२०४२ देखि प्रारम्भ भएदेखि रेशम कीरा पालनका लागि आवश्यक रेशम बीज अर्थात रेशम फुल विदेशी मुद्रा लगानी गरी कोरिया, जापानबाट ल्याएर कृषक स्तरमा वितरण गरिन्थ्यो । जापान कोरियाबाट रेशमको फुल आयात गर्दा कतिपय चिल्सा निस्कने अवस्थामा प्राप्त हुने र कृषक कहाँ सम्म पुग्याउँदा बाटैमा चिल्सा निस्की सक्ने भएकोले कीरा पालनमा पुर्ण सफलता हासिल गर्न सकिएको अवस्था रहेन । आ.व. ०५४/५५ मा जाईका तथा यु.एन.डि.पी.को सहयोगस्वरुप प्राप्त रेशम कीराका विभिन्न शुद्ध जातको उपलब्धता, गुणस्तर कोया छनोट प्रणाली, रेशम फुल उत्पादन प्रविधि र आवश्यक भौतिक संरचनाको स्थापनाले रेशम बिज उत्पादनमा आत्मानिर्भर अवस्थामा पुग्याई रेशमखेती व्यावसायिक रुपमा अघि बढेको हो ।

रेशमखेती कार्यक्रम हाल २२ जिल्लामा चालु रहेका छन्, जसको प्राविधिक सेवा टेवा विभिन्न क्षेत्रमा स्थापना गरिएका नौ वटा रेशमखेती फार्म केन्द्रहरुबाट नै पुऱ्याइएको छ । रेशमखेती सञ्चालन गरिएका पन्ध्र जिल्लाहरुमा सयौंका संख्यामा कृषकहरु रेशमखेती समूहमा आबद्ध रहेका, हजारौं निम्न मध्यम तथा गरिब वर्ग र महिला आबद्ध भई रेशम कीरा पालन गरि कोया उत्पादन बिक्रीबाट अतिरिक्त आय आर्जन गरेका छन् ।

रेशम कीरा पालनका लागि हजारौं हेक्टरमा लगाईएको किम्बु खेतीबाट पचास प्रतिशत भन्दा बढी किसानले रेशम कीरा पालनलाई निरन्तरता दिई कोया उत्पादनबाट आम्दानी लिएका छन् भने कीरा नपालेका कृषकहरुले किम्बुको पात/घाँस पशुपालनका लागि उपयोग गरि मासु तथा दुग्ध उत्पादन गरि आम्दानी बढाएका छन् । किम्बु बगैंचा व्यवस्थापनको क्रममा हिउँदमा बगैंचा काँटछाँटबाट प्राप्त हाँगाले आवश्यक इन्धनको २५ प्रतिशत सम्म भरथेग गर्ने कृषकहरुको अनुभवले रेशमखेती नेपालको वर्तमान कृषि प्रणालीसँग अनुकूल छ भन्ने सिद्द गर्छ ।

नेपालमा दशकौंको संख्यामा रेशम धागोमा आधारित कपडा कारखाना एवं उद्योग स्थापना भै सञ्चालनमा रहेका छन् र ति कारखानहरुको रेशम धागो खपत बार्षिक ३०० मे.ट. रहँदै आएको छ । नेपालमा रेशमखेतीको औद्योगिक व्यवसायको रुपमा समेत फस्टाउन सकिने गतिलो सम्भावना रहेको कुरा भूकुटीमण्डपको अन्तराष्ट्रियस्तरको मेलामा रेशम सम्बन्धी स्टलमा रेशम कपडाको सबै किसिमका आईटम र रेशमका विभिन्न उप-उत्पादनबाट निर्मित सौन्दर्य प्रशोधनका सामाग्री साबुन, स्याम्पो लगायत किम्बुको पातको कच्चा पदार्थ प्रयोग गरी उत्पादित हर्बल चिया समेतको प्रदर्शनीबाट ज्वलन्त प्रमाण हाम्रा सामु रहेको छ । रेशमखेती विकासमा गति प्रदान गर्न रेशम नीति पारित हुनुपर्ने र रेशमखेती विकासका लागि अनुसन्धान जस्ता महत्वपूर्ण विषयमा प्राथमिकता दिईनु पर्छ ।

## २. केन्द्रको मुख्य उद्देश्य

- कृषकहरुलाई रेशमखेतीमा आवद्ध गरि व्यावसायिकरण गर्ने ।
- रेशम कीराको मातृश्रोत संरक्षण सम्बर्द्धन एवम् विकास गर्ने ।
- सिफारिस रेशम कीराको जातको अण्डा उत्पादन गरी विभिन्न सरकारी फार्म केन्द्र, कृषक समूह तथा सहकारीहरुलाई आपूर्ति व्यवस्था मिलाउने ।

- रेशम कीरापालन विकास र विस्तारको लागि नीति तथा योजना तर्जुमामा व्यावसायिक कीट विकास केन्द्रलाई पृष्ठपोषण गर्ने ।
- रेशम सम्बन्धी विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने ।
- संघ प्रदेश र स्थानीय तहमा रही रेशम सम्बन्धी काममा संलग्न प्राविधिक जनशक्ति विकास गर्ने ।
- रेशम प्रशोधन गरी धागो कपडा तथा रेशमजन्य उद्योग प्रबर्द्धन, निजी क्षेत्रको क्षमता विकास गर्ने ।
- रेशम कीरापालन, विकास, विस्तारका लागि राष्ट्रिय स्रोतकेन्द्रको रुपमा कार्य गर्ने ।

## ३. कार्य विवरण

- विभिन्न रेशम कीरा प्रजातीहरुको मातृ स्रोतको संरक्षण सम्बर्द्धन एवं विकास गर्न पी३ पी२ पी१ गरि तीन तहमा शुद्ध माउ जातका रेशम कीराको मातृस्रोतको जर्मप्लाजन संरक्षण सम्बर्द्धन र विकास गर्ने,
- रेशम कीराको जातको अण्डा उत्पादन गरी विभिन्न फार्म केन्द्र कृषक समूह तथा सहकारीलाई आपूर्ति व्यवस्था मिलाउने,
- रेशम खेतीको विकास र विस्तारका लागि व्यावसायिक नीति तथा योजना तर्जुमा गर्नको लागि व्यवसायिक किट विकास केन्द्रलाई पृष्ठपोषण गर्ने,
- नविनतम प्रविधिको उपयोग गरी रेशम कीरापालन विकास र विस्तारको लागि उत्पादक कृषक एवं उद्यमीलाई तालिम प्रदान गर्ने,
- रेशम सम्बन्धी विषयमा विशेषज्ञ सेवा प्रदान गर्ने,
- रेशम कीरापालन प्रविधिको विकास र विस्तारका सम्बन्धमा नजिकको कृषि अनुसन्धान केन्द्र तथा ज्ञान केन्द्रसँग समन्वय एवं सहकार्य गर्ने,
- फार्मको उत्पादकत्व एवम् आम्दानी वृद्धि गर्न जमिन तथा अन्य पूर्वाधार र सुविधाको उपयोग गर्ने,
- सम्बन्धित विषयको समस्या समाधानका लागि स-साना कार्यमुखी एक्सन ओरिएन्टेड अध्ययन परीक्षण सञ्चालन गर्ने,
- रेशम प्रशोधन गरी धागो कपडा तथा रेशमजन्य उद्योग प्रबर्द्धन निजी क्षेत्रको क्षमता विकास गर्ने,

- रेशम कीरापालनसँग सम्बन्धित उन्नत प्रविधिको प्रदर्शन सञ्चालन गर्ने,
- रेशम कीरापालन विकास र विस्तारका लागि स्रोत केन्द्रको रूपमा कार्य गर्ने, रेशम सम्बन्धी विभिन्न नविनतम प्रविधिहरूको तयारी गरी आइसिटी मार्फत प्रचारप्रसार तथा वितरण गर्ने,
- किम्बु तथा रेशमको स्रोत केन्द्र पहिचान तथ्याङ्क संकलन र अद्यावधिक कार्यमा सहजिकरण गर्ने,
- संघ, प्रदेश र स्थानीय तहमा रही रेशम सम्बन्धी काममा संलग्न प्राविधिक जनशक्तिलाई तालिम प्रदान गर्ने,
- किम्बु तथा रेशम कीराका जातहरुको बिरुवा तथा अण्डाका माग तथा आपुर्ति सम्बन्धित वार्षिक वासलात तथा माग आपुर्तिको प्रक्षेपण गर्ने,
- रेशम कीरापालनमा संलग्न व्यावसायी समूह तथा सहकारीहरुलाई लक्षित गरी कार्यक्रम सञ्चालन गर्न सहजिकरण गर्ने,
- रेशम खेती सम्बन्धी वहुस्थलीय प्रविधि विकास परीक्षण तथा प्रमाणिकरण तथा संयोजन गर्ने ।

## ४. केन्द्रको भौतिक सम्पत्ति विवरण

रेशम विकास केन्द्र, खोपासीको नाममा १२६ रोपनी जग्गा रहेको छ । यस मध्ये ८० रोपनी क्षेत्रफलमा किम्बु बगैंचा स्थापना भएको, २० रोपनी क्षेत्रफल भित्र ठूला साना गरी २७ वटा भवन, बाटोघाटो रहेको र करिब ६ रोपनी सिमान्त जमिनमा भू-संरक्षण उपयोगी स्थानीय वनस्पतिले ढाकेको छ । रेशम विकास केन्द्र खोपासीमा रहेको भवनको विवरण र प्रयोजन परिशिष्ट १ मा उल्लेख गरिएको छ ।

## ५. रेशम विकासका पूर्वाधार एवं भौतिक सुविधाको उपलब्धता

### ५.१ रेशम फुल उत्पादन तथा शित भण्डारण (कोल्डरुम) सुविधा

रेशमखेतीको आधारभुत संरचनागत संस्था व्यावसायिक ग्रेनेज (रेशम फुल उत्पादन) का लागि चित्तपोल, भक्तपुरमामा व्यावसायिक ग्रेनेज केन्द्र कार्यालय स्थापना भएको छ । उत्पादित रेशम फुल शित भण्डारण तथा फुल ओथारो व्यवस्थापनका लागि यस केन्द्रमा आधुनिक सुविधायुक्त ११ करोड मुल्य बराबरको कोल्डरुमहरु जडान भएका छन् । तर

विगत आ.व. २०५६/०५७ देखि हालसम्म रेशमखेती विकास शाखा खोपासीमा नै व्यावसायिक रेशम फुल उत्पादन (ग्रेनेज) कार्य सम्पादन हुँदै आईरहेको छ । यस केन्द्रमा फुल शित भण्डारणका लागि स्थापना भएका कोल्डरुम ३ करोड मूल्य बराबरको, चित्तपोलको तुलनामा न्युन क्षमता र कम स्तरको रहेको छ । गुणस्तरीय फुल शित भण्डारण तथा ईन्कुबेसनको लागि चित्तपोलमा रहेको सुविधा र गुणस्तरयुक्त कोल्डरुमको उपयोग तत्काल गर्नुपर्ने आवश्यकता रहेको छ ।

## ५.२ रेशम फुल मध्यम स्तर (१००-२०० से.) तापक्रम व्यवस्थापन सुविधा

जाईकाबाट सहयोग स्वरुप उपलब्ध रेशम फुल शित भण्डारण पहिले ५० से. मा गर्नुपर्ने र २.५० से. बाट फुल ओथारो (२५० से.) मा लैजानु पुर्व मध्यस्थ तापक्रम (१००-२०० से.) व्यवस्थापन गर्नका लागि यस वर्ष मातृश्रोत संरक्षण र व्यावसायिक ग्रेनेज एकाईमा Split AC जडान भएको छ ।

फुल ढुवानीका दृष्टिले कोल्डरुमबाट फुल झिकेको दुई वा तीन दिन भित्र सम्बन्धित फार्म केन्द्र वा कृषककहाँ पुगि सक्नु पर्दछ । तर फार्म केन्द्रले आफ्नो स्टेशनमा इन्कुबेशन रुम नभएकोले चिल्सा निस्कने समय पारेर ढुवानी गर्न, ओथारो राख्न लगाउने बाध्यता रहेको छ । स्तरीय रेशम चिल्सा कोरल्न मध्यमस्तरको तापक्रम व्यवस्थापन गर्ने कोल्ड रुम चालु गर्नुको साथै हरेक फार्म केन्द्रमा चिल्सा कोरल्ने च्याम्बर (Incubation Chamber) स्थापना गर्नु आवश्यक रहेको छ ।

## ५.३ व्यावसायिक रेशम कीराको जातको उपलब्धता

वि.सं. २०५४ देखि हालसम्म जापानिज विशेषज्ञ मासुरु चुजुकोले उपलब्ध गराउनु भएको चार किसिमको Purelines बाट जे१२×सि१२ वर्णशंकर रेशम फुल एक जात मात्र व्यावसायिक कोया उत्पादनका लागि वितरण हुँदै आएको छ । प्रचलित जे१२×सि१२ रेशम कीरा जातको कोया उत्पादन क्षमता पहिलो वसन्त र दोश्रो शरदकालिन सिजनमा सफल नै पाईएको छ । दोश्रो वसन्तमा तुलनात्मक बढी तापक्रम उतार चढाव आद्रता हुने महिना र पहिलो शरदमा तापक्रम उतारचढाव र आद्रता बढी हुने महिनाका लागि क्रस भोल्टाईन फुल उत्पादन गरी वितरण गर्ने कार्य यसै वर्षको दोश्रो वसन्तकालिन सिजनमा भएको छ । तर सोको सफल व्यवस्थापनका लागि कतिपय भौतिक सुविधा थप गर्नुपर्ने हुन्छ ।

## ६. सांगठनिक संरचना




## ७. केन्द्रका मुख्य मुख्य एकाईहरु

### ७.१ मातृश्रोत तथा ग्रेनेज एकाई

*मातृश्रोत एकाई*

रेशम कीराको मातृश्रोत एकाईको मुख्य कामको जिम्मेवारी उपलब्ध जर्मप्लाज्म रेशम कीराको पालन, प्रजजन तथा वर्षैभरी गरिने देहायका संरक्षण तथा व्यवस्थापनका कार्य रहेका छन् । खोपासीमा कोरिया, जापान, बंगलादेश, पाकिस्तान तथा लाओस देशहरुबाट सहयोग स्वरुप प्राप्त ३५ जातका रेशम कीराको प्यारेण्टल (मातृश्रोत) लाईन रहेका छन् । यी प्यारेण्टल जातहरु मध्ये बहुपुस्ते तीन जातका रेशम कीरा वर्षैभरी पालेर संरक्षण गरिन्छ भने दुईपुस्ते ३२ जातका रेशम कीरा वर्षको दुई पटक पालेर कोल्डरुममा संरक्षण गरि राखिन्छ । उपलब्ध रेशम कीराका जातहरुको मुलपिंढी संरक्षणका लागि

प्रजनन कार्य गरिनुको साथै उत्कृष्ट मुल पिंढीहरुबाट मुल बीउ उत्पादन गरि विभिन्न फार्महरुमा बिजकोया उत्पादनका लागि उपयोगमा ल्याईएको छ । प्यारेण्टल जातका कीरा पालन तथा रेशम फुल उत्पादनमा उपयुक्त तापक्रम र आद्रता व्यवस्थापनका लागि एसि लगायत ह्युमिडिफायर जस्ता आधुनिक भौतिक सुविधा जडान भएको कारण वर्षौंसम्म जैविक विविधता संरक्षण गर्न सम्भव भएको छ । रेशम विकास केन्द्र खोपासीमा रहेको प्यारेण्टल (मातृश्रोत) लाईनको ब्याकअप सुविधा उपलव्ध गराउने उद्देश्यले स्थापित व्यावसायिक ग्रेनेज केन्द्र चितापोल हाल वागमती प्रदेश सरकार अन्तर्गत रहेको र तथा रेशम खेतीको मातृश्रोत संरक्षण र बिज कोया उत्पादनमा आशातित उपलव्धी हासिल गर्न सकिएको छैन । उपलब्ध मातृश्रोत रेशम कीराको जातीय विशेषता परिशिष्ट २ मा उल्लेख गरिएको छ । साथै मातृश्रोत संरक्षण एकाईको वातानुकूलित कोठाको विवरण परिशिष्ट ३ मा उल्लेख गरिएको छ ।

***ग्रेनेज एकाई***

नेपालमा रेशमखेतीको गर्व गर्न लायक विषय रेशम बिज उत्पादनमा आत्मनिर्भर अवस्था हो । रेशमखेतीका लागि रेशम बिज अर्थात रेशम फुलको उपलब्धता सन्दर्भमा वि.सं. २०५४ भन्दा पहिले कृषकस्तरमा रेशम कीरा पालनका लागि कोरिया जापान एवं थाईल्याण्डबाट आयातित रेशम कीराको अण्डामा निर्भर रहनु परेको थियो । बाह्य मुलुकबाट रेशम कीराको अण्डा आयात गर्दा सरकारले एकातिर करोडौंको धनरासी खर्च गर्नु परेको थियो भने अर्कातिर कीरापालन गर्ने किसानहरुको घरसम्म पुऱ्याउनु अघि नै चिल्सा निस्कने र उपयुक्त वातावरणका अभावले कीरा पालन गर्नु अगावै मर्ने र कीरापालन अवधिमा पनि रोगको बढी समस्या देखिन्थ्यो ।

वि.सं. २०५४ मा जाईकाको आर्थिक तथा प्राविधिक सहयोगमा रेशम फुल उत्पादन बृहत्तर प्रविधि (मास एग प्रडक्सन) बाट व्यावसायिक रेशम कीराको बिज उत्पादन तथा शित भण्डारण व्यवस्था हुन थालेपछि कृषकस्तरमा कोया उत्पादन विस्तार हुन थालेको हो । नेपालमा नै रेशम फुल उत्पादन हुन थालेको आधार वर्ष २०५४ मा ५ मे.ट. कोया उत्पादन रहेकोमा चार वर्ष अवधिमा आ.व. २०५८/५९ मा रेशम कोयाको कुल उत्पादन ४५ मे.ट. सम्म रही व्यावसायिक फड्को मार्ने अवस्थामा पुगेको थियो । रेशमखेती विकास केन्द्र, खोपासी मात्र रेशम फुल उत्पादन तथा शित भण्डारण गरि कृषकहरुको माग अनुसार विभिन्न जिल्लामा वितरण गर्ने एक मात्र श्रोत केन्द्र हो । हाल

नेपालमा २२ जिल्लामा रेशमखेती विस्तार भएको र यी जिल्लाहरुमा कृषकहरुको माग अनुसार रेशम कीराको फुलको माग आपुर्ति यसै केन्द्रबाट व्यवस्थापन गरिएको छ । व्यवस्थापनका लागि रेशम फुलबाट चिल्सा कोरल्नका लागि ९-१० दिन ओथारो राख्नु पर्छ । रेशमखेतीका अन्य फार्म केन्द्रमा ओथारो राख्ने सुविधा नभएको हुनाले रेशम विकास केन्द्र खोपासीमा नै ओथारो राखी ओथारो राखेको ५/७ दिन पछि सम्बन्धित फार्म केन्द्रका लागि पायक पर्ने हवाईस्थलसम्म एयर कार्गो गरि फुल ढुवानी कार्य हुँदै आएको छ । तर विगतमा बिजकोया र रेशम फुल ढुवानीका लागि चिलिंग भ्यान प्रयोग हुँदै आईरहेको थियो । द्वन्दकालिन अवधिमा चिलिंग भ्यान ध्वस्त भएकोमा हालसम्म मर्मत नभएकोले सार्वजनिक यातायातको साधनद्वारा बिजकोया र फुल ढुवानी गर्नु पर्दा बिजकोया र रेशम फुलको गुणस्तरमा सुनिश्चितता कायम गर्न सकिएको छैन । फार्म केन्द्रस्तरमा शरदकालिन र वसन्तकालिन मौसममा गरिने रेशम फुल उत्पादन, प्रशोधन तथा भण्डारण र कृषकस्तरमा कोया उत्पादन फोलो चार्ट परिशिष्ट ४ मा उल्लेख गरिएको छ ।

व्यावसायिक ग्रेनेजको मुख्य भूमिका फार्म स्तरमा बिजकोया उत्पादनको माग र कृषकस्तरमा व्यावसायिक रेशम फुलको माग अनुसार रेशम बिज उत्पादन गर्ने र वर्षैभरी भण्डारण व्यवस्थापन गरी माग अनुसार ओथारो व्यवस्थापन मिलाई देशभर वितरण व्यवस्थापन मिलाउने रहेको छ । रेशमखेती विकास फार्म केन्द्रहरुमा उत्पादित बिज कोयाबाट व्यावसायिक रेशम फुल उत्पादन गरी वर्षैभरी विभिन्न तापक्रम २५ देखि २.५ डिग्री से.मा व्यवस्थापन गरी जिल्लाको माग अनुसार आपूर्ति व्यवस्थापन मिलाइएको छ । फलस्वरुप बाहिरी मुलुकहरुबाट रेशमफुल आयात गर्नुपर्ने अवस्थाको अन्त भै वार्षिक करिब रु. एक करोड स्वदेशी मुद्रा बाहिरिनबाट बचत भएको छ ।

कृषकस्तरमा रेशम फुल ह्याचिंगको समस्या व्यहोर्न नपरोस् भनी विभिन्न ब्याचका व्यावसायिक रेशम फुलको चिल्सा निस्कने क्षमता कार्य जारी राखि ९० प्रतिशत भन्दा बढी ह्याचिंग क्षमता भएका फुल मात्र पठाउने गरिएको छ ।

## ७.२ रिलिङ तथा फिल्ड एकाई

यस एकाईले कृषकस्तरमा उत्पादित कोया ग्रेडिंग गरी मूल्य निर्धारण (परिशिष्ट ५ अनुसार) गरेको छ । दुईपुस्ते ३२ जातका रेशम कीराका प्यारेण्टल लाईन एकै पटक पालन गर्नका लागि पाल्ने स्थानको अभाव र प्रजनन् व्यवस्थापन मिलाउन कठिन पर्ने

हुनाले वसन्तकालिन सिजनमा दुई पटक र शरदकालिन सिजनमा दुई पटक गरी वर्षमा चार पटक पालन गर्नुपर्ने हुन्छ । त्यसका लागि पर्याप्त क्षेत्रफलमा किम्बु लगाई क्रमशः मध्य कद र होचो कदको काँटछाँट व्यवस्थापन एवं मलखादको प्रयोग गरी वर्षैभरी रसिलो र पोषिलो पातको व्यवस्थापन मिलाउनु पर्छ । रेशम विकास केन्द्र खोपासीमा विभिन्न मुलुकबाट भित्र्याइएका किम्बुको विभिन्न विशेषता भएका जातहरु (परिशिष्ट ६) संरक्षण गरी प्रसार गरिएको छ ।

किसानबाट उत्पादित कोया समयमा बिक्री गराउन र सुनिश्चित गर्न निजी क्षेत्रलाई कोया खरिद गर्न केही कोया ढुवानी तथा सुकाउन र धागो कात्नमा केही प्रबर्द्धनात्मक कार्य सञ्चालन भएतापनि सोचे अनुसार हुन सकेको छैन । निजी क्षेत्रले किसानबाट उत्पादित कोया खरिद नगरेकोले किसानबाट उत्पादित कोया बिक्रीमा समस्या रहेको छ । वि.सं. २०६८ सालबाट नेपाल सरकारले रेशमजन्य उत्पादनको मूल्य लामो समयसम्म नतोकिएकोले किसानहरुले कोकुनको उचित मूल्य प्राप्त गर्न सकेका थिएनन् । आ.व. २०८०/८१ मा तोकिएको मूल्यलाई पनि समयानुकूल परिमार्जन गर्नुपर्ने देखिन्छ ।

रेशमजन्य उद्योग तथा कारोबारमा संलग्न निजी व्यावसायीहरुको टुईस्टिङ गरेको रेशम धागोको तथा चर्खाबाट उत्पादित धागोको माग छ । निजी व्यावसायीहरुले सो टुईस्टिङ गरेको रेशम धागो उत्पादनमा सरकारको सहुलियत बिना खर्चिलो पर्ने बताउँछन् । साथै जागुरी चर्खाबाट उत्पादित धागोको माग राम्रो भएतापनि किसानहरुले कोकुन उत्पादन गरी धागो निकाल्न छाडेका छन् ।

रेशम कोया उत्पादन पछिका सबै कार्य जस्तै रेशम कोया खरिद, ढुवानी, सुकाई, धागो उत्पादन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई सहभागिता वा संलग्नता गराउनु आजको आवश्यकता हो । विगतमा निजी क्षेत्रलाई रेशम कोया खरीद गर्दा ढुवानी तथा सुकाउनका लागि प्रति के.जी. रु. २० र प्रति के.जी. धागो उत्पादन गरे बापत रु. १५० अनुदान दिइने प्रावधान रहेको थियो तर हाल यो कार्यमा नेपाल सरकारले अनुदान दिन छोडेको छ ।

रेशम खेतीको प्रबर्द्धनका लागि मूल्य शृङ्खलामा आधारित नमूना रेशम विकास कार्यक्रम सञ्चालन गर्न आवश्यक छ । निजी क्षेत्रलाई प्रोत्साहन स्वरुप रेशम धागो उत्पादन र प्रशोधनमा अनुदान उपलब्ध गराउनु पर्दछ । यसका लागि निजी क्षेत्रको प्रतिबद्धता आवश्यक पर्दछ । कोयोत्तर प्रविधि उद्योग स्थापना तथा सञ्चालन तर्फ निजी

क्षेत्रलाई शुरुका केही वर्ष सहयोग र अनुदान दिनुपर्ने हुन्छ । इच्छुक कृषक, समूहहरु स्थानीयस्तरमा रेशम धागो कताई कार्यमा लाग्न चाहेमा आवश्यक प्राविधिक र सामग्रीहरुमा सहयोग र अनुदानको व्यवस्थामा निरन्तरता दिनुपर्ने देखिन्छ । निजी क्षेत्रले प्रतिबद्धता सहित कोया खरिद तथा धागो प्रशोधन कार्यमा पूर्ण जिम्मेवारी नलिंदा सम्म कृषकले उत्पादन गरेको कोया खरिद गर्न फार्म केन्द्रस्तरबाट आवश्यक सहयोग गर्न व्यवस्था हुनु अति जरुरी छ ।

त्यस्तै बहुपुस्ते रेशमकीराका तीन प्रजाती सुषुप्त अवस्थामा नजाने स्वभावको हुने हुनाले किम्बुको पात झर्ने पौष माघ महिनामा पनि निरन्तर पालन गर्नुपर्ने हुन्छ । खोपासी जस्तो चिसो स्थानमा पौष माघमा पात उत्पादन गर्न पात झर्नु दुई महिना अगाडि देखि नै किम्बु बगैंचामा कृत्रिम ताप्रक्रम व्यवस्थापन मिलाउन प्लास्टिक टनेल बनाई तुषारो पर्नबाट जोगाउनु पर्छ । विकल्पमा तराईमा असोज कार्तिक महिनामा काँटछाँट तथा मलखाद व्यवस्थापन मिलाउँदा पौष माघमा किम्बुको पात व्यवस्थापन गर्न सकिन्छ ।

## ७.३ योजना तथा तालिम एकाई

यस रेशम विकास केन्द्र खोपासीले स्थापना कालदेखि नै देशभरमा रेशमखेतीमा आबद्ध हुन चाहने कृषक तथा प्राविधिक जनशक्ति (सहायक र अधिकृत स्तर) हरुलाई रेशमखेतीको विभिन्न पक्ष किम्बुखेती विस्तार, साना तथा ठूला रेशम कीरा पालन, रेशम धागो प्रशोधन जस्ता आधारभुत र रिफ्रेसर व्यवहारिक तालिम उपल्ब्ध गराई दक्ष जनशक्ति उत्पादन गरि गाउँ गाउँमा रेशमखेती विस्तार गरी कृषकहरुको आय आर्जन र रोजगारीमा टेवा पुऱ्याएको छ । यस केन्द्रले रेशम फुल उत्पादन, कीरापालन, किम्बुखेती सम्बन्धी सबै क्रियाकलाप फार्म केन्द्रमा नै हुने हुनाले व्यवहारिक ज्ञान र सिप आर्जन गर्न पाउँछन् ।

रेशम कृषकको क्षमता वृद्धि गरी रेशम खेतीको प्रबर्द्धन गर्न यस कार्यालयबाट तालिमको कर्यक्रमहरु सञ्चालन गरिएको थियो । तालिम कार्यक्रमको प्रतिवेदनमा तालिमको उद्देश्य, विषयवस्तु, तालिम विधि, निष्कर्ष तथा तालिममा सहभागीको विवरण कार्यक्रम फाइलमा संलग्न गरी राखिएको थियो । यसको अलावा, यस कार्यालयबाट सञ्चालन भएको तालिम कार्यक्रमको लाभग्राहीको विवरण तथा उपलव्धी विश्लेषण गरिएको

छ । तालिमको सहभागीको विवरण परिशिष्ट ७ अनुसार रहेको छ । साथै, रेशम खेतीमा संलग्न संस्था तथा व्यक्तिको विवरण परिशिष्ट ८ अनुसार रहेको छ ।

## ८. विगतका प्रयास र हालको अवस्था

यस फार्मबाट कृषकस्तरमा किम्बुखेती विस्तार तथा कोया उत्पादन समेत गराउने प्रसारमुलक कार्य पनि गर्दै आएको छ । विगतमा यसका लागि पकेट क्षेत्रमा एक अधिकृत सहित मध्यमस्तर र कार्यालय सहयोगी समेत आवश्यकता अनुसार तोकी कार्य सम्पादन तथा अनुगमन टोली गठन गरी रेशमखेती प्रचार प्रसार कार्य गरिएको छ । यस फार्म केन्द्रको कमाण्ड क्षेत्रमा काभ्रे, सिन्धुपाल्चोक, रामेछाप र दोलखामा किम्बुक्षेत्र विस्तार गरिनुको साथै माग अनुसार रेशम कीरापालन सेवा उपलब्ध गराईएको छ । खोपासी कमाण्ड क्षेत्र अन्तरगत काभ्रे जिल्लाको चोबास, पुरानागाउँ, श्यामपाटी, छत्रेबाँझ, डराउनेपोखरी, महादेबस्थान, शंखुपाटीचौर, बुढाखानी र सिन्धुपाल्चोक जिल्लाको सांगा लगायतका रेशमखेतीका पकेट क्षेत्रहरु हुन् । विभिन्न स्थानमा गरी ४० हेक्टर क्षेत्रफलमा किम्बुखेती गरिएको थियो, उत्पादनशिल १५ हेक्टर किम्बु क्षेत्रफलबाट कीरापालन भएको थियो । विगतमा रेशम खेती गर्ने पकेट क्षेत्र र कृषक समूहहरुको विवरण परिशिष्ट ९ मा उल्लेख गरिएको छ । तर हाल काभ्रेपलाञ्चोक जिल्लामा रेशम खेती गर्ने कृषकको संख्या घट्दै गएको छ । आ.व. २०७७/०७८ मा वसन्तकालिन रेशमकीरा पालन गरेका कृषकहरुको उत्पादनशिल किम्बु बिरूवा संख्या र कीरापालन क्षमता विवरण परिशिष्ट १० मा उल्लेख गरिएको छ । नेपालमा रेशमजन्य उत्पादन, आयात निर्यातको अवस्था परिशिष्ट ११ अनुसार छ ।

## ९. केन्द्रको दरबन्दी, जनशक्ति विवरण र कार्यविधि

केन्द्रमा जम्मा १७ जना दरवन्दीमा अधिकांश पद रिक्त रहेको छ । केन्द्रको दरबन्दी विवरण परिशिष्ट १२ र जनशक्ति विवरण परिशिष्ट १३ अनुसार रहेको छ । केन्द्रमा करार/दैनिक डोर हाजिरीमा काम गर्ने श्रमिकहरुको नामावली परिशिष्ट १४ मा रहेको छ । साथै मूल्य शृङ्खलामा आधारित रेशम विकास कार्यक्रमको कार्यान्वयन कार्यविधि परिशिष्ट १५ अनुसार रहेको छ ।

# खण्ड २. कार्यक्रम तथा प्रगति विवरण

## १. रेशम विकास केन्द्रको बार्षिक प्रगति प्रतिबेदन

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट (रु. हजारमा) | परिमाण | भार | बजेट (रु. हजारमा) |
| **अ) पूँजीगत खर्च अन्तर्गतका कार्यक्रमहरु** | | | | | | | | | |
| ११.३.८.२४ | CC camera खरिद तथा जडान | ३११२२ | पटक | १० | ०.४८ | ३ | ० | ०.४५ | २.२४६ |
| ११.५.२९.२० | राष्ट्रिय च्याउ श्रोत केन्द्र निर्माणको लागि आवश्यक इन्जिनियरिङ परामर्श सेवा | ३११३५ | पटक | १ | ०.८ | ५ | ० | ४१.२५ | ३.७४५ |
| ११.४.२२.८०७ | राष्ट्रिय च्याउ श्रोत केन्द्र निर्माण | ३११५९ | वटा | १ | ५५.५४ | ३४५.२९ | ० | ०.७९ | २०६.८५२ |
| ११.१.३.४५० | कार्यालय भवन तथा अन्य भवनमा रङ्गरोगन | ३११६१ | पटक | ३ | ०.६४ | ४ | ० | ०.७९ | ३.९७२ |
| ११.१.३.७०२ | मातृश्रोत एकाई को अधुरो मर्मत संभार | ३११६१ | वटा | १ | १.६१ | १० | ० | १.९६ | ९.८५० |
| ११.१.३.७०३ | अधुरो छात्रावास सुदृिढिकरण | ३११६१ | पटक | १ | १.६१ | १० | ० | १.९७ | ९.८९४ |
| ११.१.३.७०४ | फर्म भित्रको अधुरो Foothpath रोड ढलान | ३११६१ | पटक | १ | ०.९७ | ६ | ० | १.१७ | ५.८७८ |
| ११.१.३.७०५ | सोलार तथा पावर व्याकअप | ३११६१ | वटा | २ | ०.४८ | ३ | ० | ०.६० | २.९९४ |
| ११.१.३.७०६ | विधुत प्रणाली सुधार तथा wiring | ३११६१ | पटक | १ | १.६१ | १० | ० | १.०७ | ५.३७९ |
| **क) पूँजीगत खर्च कार्यक्रमको जम्माः** | | | | **२१** | **६३.७४** | **३९६.२९** | **०** | **५०.०१** | **२५०.८१०** |
| आ) चालु खर्च अन्तर्गतका कार्यक्रमहरु | | | | | | | | | |

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट (रु. हजारमा) | परिमाण | भार | बजेट (रु. हजारमा) |
| २.४.१२.३.१ | वार्षिक प्रगति पुस्तिका छपाई(वार्षिक प्रतिबेदन छपाई) | २२३१५ | पटक | १ | ०.१२ | ०.७५ | ० | ०.१४९२ | ०.७४८ |
| २.४.१२.२० | बुकलेट तथा लिफ्लेट छपाई | २२३१५ | वटा | २ | ०.०८ | ०.५ | ० | ०.०९९६ | ०.४९९ |
| २.४.१३.५७ | पत्रपत्रिका खरिद तथा सूचना प्रकाशन | २२३१५ | पटक | १ | ०.१ | ०.६१ | ० | ०.०४१३ | ०.२०७ |
| २.५.२.६३२ | मातृश्रोत एकाईमा प्रयोगशाला सञ्चालन सहयोगी सेवा करार | २२४११ | संख्या | १ | ०.५३ | ३.३२ | १ | ०.६६०७ | ३.३१३ |
| २.५.४.४१ | कार्यालयको वेवसाइट अद्यावधिक तथा सञ्चालन | २२४१२ | पटक | १ | ०.०४ | ०.२४ | १ | ०.०३९८ | ०.१९९ |
| २.५.७.१ | रिक्त रहेको सवारी चालक सेवा करार | २२४१३ | संख्या | १ | ०.५३ | ३.३२ | १ | ०.६६०७ | ३.३१३ |
| २.५.८.५६ | कार्यालय सहयोगीको सेवा करार | २२४१३ | पटक | १ | ०.४८ | २.९७ | १ | ०.५९११ | २.९६४ |
| २.५.१०.१४ | कार्यालय सुरक्षाको लागि सेवा करार | २२४१९ | पटक | १ | ०.४८ | २.९८ | १ | ०.५९११ | २.९६४ |
| २.६.२.२ | कर्मचारी ड्राईभिङ तालिम | २२५११ | संख्या | १ | ०.०३ | ०.१८ | ० | ०.०२६९ | ०.१३५ |
| २.७.२५.५२६ | मागमा आधारित कार्यक्रम | २२५२२ | पटक | २ | ०.१६ | १ | ० | ०.१४१६ | ०.७१० |
| २.८.१.२३ | कार्यक्रम लागु भएका जिल्लाहरुमा संचालित कार्यक्रमहरुको समग्र अनुगमन तथा मुल्यांकन खर्च | २२६११ | महिना | ८० | ०.८७ | ५.४ | २० | १.०७५४ | ५.३९३ |
| २.८.२.५ | अन्य प्रशासनिक तथा प्राविधिक भ्रमण खर्च | २२६१२ | पटक | ८ | ०.३२ | २ | ४ | ०.३९८५ | १.९९९ |
| २.९.६.५ | अन्य भैपरी आउने खर्च | २२७११ | महिना | ४ | ०.१६ | १ | ० | ०.१९९१ | ०.९९९ |
| २.९.६.७ | नियमित स्टाफ बैठकमा हुने चियापान | २२७११ | महिना | ३ | ०.०४ | ०.२७ | ० | ०.०५३८ | ०.२७० |

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट (रु. हजारमा) | परिमाण | भार | बजेट (रु. हजारमा) |
| | खर्च | | | | | | | | |
| | फर्म व्यवस्थापन आयोजना | | | | | | 0 | ०.०००० | ०.००० |
| २.३.२.४४ | कम्प्युटर, प्रन्टर, फोटोकपि, स्क्यानर तथा अन्य उपकरण मर्मत | २२२२१ | महिना | ४ | ०.१६ | १ | ० | ०.१९५४ | ०.९८० |
| २.३.२.६४ | मातृश्रोत सँरक्षण शाखा र फुल उत्पादन इकाइका Cold Room र इन्कुवेशन लगायत अन्य प्रयोगशाला मेशिनको मर्मत | २२२२१ | संख्या | ४ | ०.६४ | ४ | ० | ०.७९३६ | ३.९८० |
| २.७.१५.३७ | कार्यालय परिसर तथा फार्म क्षेत्र व्यवस्थापन | २२५२२ | पटक | ४ | ०.१६ | १ | ० | ०.१४९१ | ०.७४८ |
| २.७.१५.१०९ | रेशम फार्मको पुरानो तथा खाली स्थानमा बगैंचा रोपण तथा स्थापना | २२५२२ | रोपनी | २० | ०.३२ | २ | ० | ०.३५१७ | १.७६४ |
| | क्षमता अभिवृद्धि कार्यक्रम | | | | | | 0 | ०.०००० | ०.००० |
| २.६.४.१५०४ | रेशम खेती सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (अधिकृत स्तर ६ कार्यदिन) | २२५१२ | वटा | १ | १.१३ | ७ | ० | ०.७४७३ | ३.७४८ |
| २.६.४.१५६ | पकेट क्षेत्रमा रेशम कीरा पालन तथा कोकन उत्पादन तालिम | २२५१२ | पटक | ६ | ०.४८ | ३ | ० | ०.४९९९ | २.५०७ |
| | रेशम कीरा प्रजातीहरुको मातृश्रोत संरक्षण | | | | | | 0 | ०.०००० | ०.००० |
| २.७.१.२८५ | मातृश्रोत संरक्षण र बीज उत्पादनको लागि च्याक, कीरा पाल्न ट्रे, भाले पोथी क्रस गर्ने बक्स आदि खरिद | २२५२१ | संख्या | १ | ०.१६ | १ | ० | ०.१८९३ | ०.९४९ |

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट (रु. हजारमा) | परिमाण | भार | बजेट (रु. हजारमा) |
| २.७.२.६९६ | 33 जातको मातृश्रोत संरक्षणको लागि केमिकल तथा सामग्रीहरु खरिद | २२५२१ | पटक | ४ | ०.६४ | ४ | २ | ०.७९६७ | ३.९९६ |
| २.७.३.५८७ | ३३ जातको मातृश्रोत संरक्षणको लागि ज्यामी परिचालन | २२५२१ | महिना | १२ | १.५४ | ९.६ | ३ | १.९१३५ | ९.५९७ |
| | किम्बु वगैचा जर्मपाल्जमा तथा नर्सरी व्यवस्थापन | | | | | | 0 | ०.०००० | ०.००० |
| २.७.१.१ | मलखाद | २२५२१ | संख्या | २ | १.१३ | ७ | ० | १.३५३९ | ६.७९० |
| २.७.३.४६.१ | किम्बु वगैचा काटछाट गर्न ज्यामी परिचालन(किम्बु बगैंचा फार्म व्यवस्थापन गर्न ज्यामी परिचालन) | २२५२१ | जना | ४०० | ०.४५ | २.८ | ० | ०.५५७७ | २.७९७ |
| २.७.३.५८२ | किम्बु वगैचा गोडमेल गर्ने ज्यामी परिचालन | २२५२१ | पटक | २ | ०.६४ | ४ | ० | ०.७८८९ | ३.९५६ |
| २.७.६.२४९ | किम्बुका २२ जातहरुको जर्मप्लाजम सरँक्षण तथा नर्सरी सुधार | २२५२२ | संख्या | २ | ०.४८ | ३ | ० | ०.४४६१ | २.२३७ |
| २.७.८.२९ | कीम्वुको बिरूवा मलखाद तथा रेशमको फुल ढुवानी खर्च | २२५२२ | पटक | ४ | ०.०६ | ०.४ | ० | ०.०५९८ | ०.३०० |
| २.७.१५.२६०८ | किम्बु बगैचा तथा Protected Structure व्यवस्थापन | २२५२२ | पटक | ४ | ०.३२ | २ | ० | ०.०००० | ०.००० |
| २.७.१५.४४६ | बगैंचाको सिंचाइ तथा निकासको लागि कुलो मर्मत तथा सुधार | २२५२२ | संख्या | २ | ०.४८ | ३ | ० | ०.४७३६ | २.३७५ |
| | रेशम विज उत्पादन तथा वितरण | | | | | ५.३ | ० | ०.०००० | ०.००० |

| क्र.स. | कार्यक्रम / क्रियाकलाप | खर्च शीर्षक | एकाई | बार्षिक लक्ष्य | | | वार्षिक प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | परिमाण | भार | बजेट (रु. हजारमा) | परिमाण | भार | बजेट (रु. हजारमा) |
| २.७.१.९३५ | रेशम फुल उत्पादन गर्ने ट्रे तथा वितरण गर्ने वाक्सा खरिद | २२५२१ | पटक | २ | ०.०८ | ०.५ | ० | ०.०९६९ | ०.४८६ |
| २.७.३.५१ | रेशम वीज उत्पादन गर्न ज्यामी परिचालन | २२५२१ | संख्या | ४०० | ०.४५ | २.८ | ० | ०.२९५२ | १.४८१ |
| २.७.३.५२ | रेशम वीज उत्पादन गर्न आवश्यक केमिकल्स तथा अन्य सामाग्री खरिद | २२५२१ | पटक | २ | ०.३२ | २ | ० | ०.१९७४ | ०.९९० |
| ३६ | मूल्य श्रृंखलामा आधारित नमुना रेशम विकास कार्यक्रम | | | | | | ० | ०.०००० | ०.००० |
| २.७.७.२५ | रेशम खेति सम्बन्धी बृत चित्र तयारी | २२५२२ | पटक | १ | ०.३२ | २ | १ | ०.३३५८ | १.६८४ |
| २.७.१५.२९२१ | रेशम खेती प्रवर्द्धनको लागि Buy Back system कार्यान्वयनका लागि कार्यक्रम | २२५२२ | वटा | २ | ०.२४ | १.५ | ० | ०.०००० | ०.००० |
| २.७.१५.२९२० | रेशम खेती प्रवर्द्धनका लागि सरोकार विच अन्तरक्रिया कार्यक्रम | २२५२२ | वटा | १ | ०.१६ | १ | ० | ०.०००० | ०.००० |
| २.७.२३.६२ | रेशम खेती प्रवर्द्धनका लागि अनुदान | २६४१३ | पटक | १ | १.६१ | १० | ० | ०.०००० | ०.००० |
| **ख) चालु खर्च कार्यक्रमको जम्माः** | | | | **९९२.** | **१६.** | **१०५.२** | **३७.** | **१५.०७६१** | **७५.६१०** |
| **ग) कार्यक्रम खर्च जम्मा (क+ख)** | | | | **१०१३.** | **७९.८** | **५०१.५** | **३७.** | **६५.०८६०** | **३२६.४१९** |
| घ) उपभोग खर्च | | | | ६७. | १५.७ | ९२.९ | ६७. | १२.३१७७ | ६१.७७६ |
| ङ) कार्यालय सञ्चालन खर्च | | | | ३१७०. | ४.५ | २७.३ | ८२०. | ४.३४२७ | २७.००० |
| **च) कुल जम्मा खर्च (ग+घ+ङ)** | | | | **४२८३.४** | **१००.** | **६२१.७** | | **८१.७४६४** | **४१५.१९५** |

## २. वार्षिक खर्चको विवरण (आ.व. २०८१/८२)

| क्र. सं. | बजेट उप-शीर्षक नं. | आयोजना/ कार्यक्रमको नाम | वार्षिक विनियोजित बजेट (रु हजारमा) | | | वार्षिक वित्तिय प्रगति (रु हजारमा) | | | वार्षक वित्तिय प्रगति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा | चालु | पूँजिगत | जम्मा |
| १ | ३१२०११०३ | व्यावसायिक कीट विकास कार्यक्रम | २२५४४.० | ३९६२९.० | ६२१७३.० | १६४३८.३ | २५०८१.२ | ४१५१९.५ | ७२.९ | ६३.३ | ६६.८ |

## ३. खर्चको सारांश

| क्र. सं. | बजेट उपशिर्षक नं. | आयोजना/ कार्यक्रमको नाम | चौथो त्रैमासिक अवधि | | वार्षिक अवधिको | | चौथो अवधिको मुख्य उपलब्धीहरु | चालू आ.व. को वार्षिक अवधिको मुख्य उपलब्धीहरु |
|---|---|---|---|---|---|---|---|---|
| | | | भारित प्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत | भारित प्रगति प्रतिशत | वित्तिय प्रगति प्रतिशत | | |
| १ | ३१२०११०३ | व्यावसायिक कीट विकास कार्यक्रम | १०० | ९८.०० | ८१.७० | ६६.७८ | राष्ट्रिय च्याउ श्रोतकेन्द्र निर्माणको Seed Production and Conservation Block construction को Ground floor को सिभिल कार्य सम्पन्न | राष्ट्रिय च्याउ श्रोतकेन्द्र निर्माणको Seed Production and Conservation Block construction को Ground floor को सिभिल कार्य सम्पन्न |

## ४. सम्पादित मुख्य मुख्य कार्यको प्रगति विवरण

| क्र.सं. | लक्षित प्रमुख क्रियाकलाप | वार्षिक लक्ष्य | लक्ष्य | प्रगति | सम्पादित क्रियाकलापबाट प्राप्त उपलब्धि (लाभग्राही संख्या, परिमाणात्मक र गुणात्मक विश्लेषण समेत समावेश गरी) |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय च्याउ श्रोतकेन्द्र निर्माण | १ | १ | १ | राष्ट्रिय च्याउ श्रोतकेन्द्र निर्माणको Seed Production and Conservation Block construction लगायत अन्य ७ वटा आईटम निर्माणको सिभिल कार्य सम्पन्न |
| २ | ३३ जातका रेशम कीराको मातृश्रोत सँरक्षाण | ४ | २ | ४ | ३३ जातको मातृश्रोत संरक्षण |
| ३ | रेशम वीज उत्पादन गर्न ज्यामी परिचालन | २ | १ | २ | वीजकोया कटिङ र फूल प्रशोधन ७०० बाकस रेशम अण्डा उत्पादन |
| ४ | किम्बु वगैचा जर्मपाल्जमा तथा नर्सरी व्यवस्थापन | २ | १ | १ | २२ जातका किम्बुको जर्मप्लाज्म संरक्षण र वगैचा व्यवस्थापन |
| ५ | मुल्य श्रीङ्खलामा आधारित नमुना रेशम विकास कार्यक्रम | २ | १ | ० | रेशम खेती सम्बन्धी वृत चित्र तयारी हुँदै |
| ६ | अधुरो छात्रावास सुदृढिकरण | १ | १ | १ | सोलार हिटर जडान,ट्रस्ट निर्माण Washroom धारा पानी मर्मत हेङ्गर तथा cupboard खरिद |
| ७ | कार्यालय भवन तथा अन्य भवनमा रङ्गरोगन | १ | १ | १ | कार्यालय भवन तथा आवस रङ्गरोगन तथा Toilet मर्मत |
| ८ | क्षमता अभिवृदि कार्यक्रम | ६ | ६ | ६ | रेशम खेती सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम कार्यक्रम अधिकृत स्तर ६ कार्यदिने (८ जना सहभागी) पकेट क्षेत्र स्तर रेशम कीरा पालन भण्डारा हरिहरपुरगढी ओखलढुङ्गा दाङ काभ्रेमा कार्यक्रम सञ्चालन गरी किसानका समस्या समाधान तथा रेशम खेती प्रविधि विस्तार गरियो । |

## ५. बजेट विनियोजन तथा खर्च (पछिल्लो तीन वटा आर्थिक वर्ष)




## ६. भारित प्रगति स्थिति

| क्र.सं. | निकायको नाम | वार्षिक कुल विनियोजित बजेट रु. हजारमा | चौथो त्रैमासिक भारित प्रगति प्रतिशत | विनियोजनको तुलनामा वित्तिय प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|
| | | | | त्रैमासिक | वार्षिक |
| १ | रेशम विकास केन्द्र | ६२१७३ | १०० | ९८ | ६६.७८ |

## ७. लक्ष्य तोकिएका सम्पन्न मुख्य मुख्य गतिविधिहरु

| प्रमुख क्रियाकलापहरु | प्रतिफल र उपलब्धि |
|---|---|
| राष्ट्रिय च्याउ स्रोत केन्द्र निर्माण | राष्ट्रिय च्याउ श्रोतकेन्द्र निर्माण अन्तर्गत Seed Production and Conservation Block construction लगायत अन्य ७ वटा आईटम निर्माणको सिभिल कार्य सम्पन्न । |

| प्रमुख क्रियाकलापहरु | प्रतिफल र उपलब्धि |
|---|---|
| रेशमको फुल उत्पादन वितरण | ९०० वाकस * १२ ग्राम = १०.८ के जी । |
| रेशमको फुल वितरण | नेपालका विभिन्न स्थानः १३९ बाकस ,धादिङ (१० बाकस), ईटहरी (१२ बाकस), धनकुटा (७ बाकस), दाङ ११० बाकस मध्य भदौमा लगेको ५० वाकस बाट ह्याच नभएको, फुल वितरण भई कीरा पालन कोकन उत्पादनमा सहयोग पुगेको । |
| रेशम विजकोया उत्पादन | वन्दिपुर ४५ के जी, धुनिवेसी ४० र चित्तपोल २० के जी गरी जम्मा १०५ के जी । |
| रेशम कीराको मातृश्रोत सरक्षण | ३२ जातको Bivoltine र १ जातको Moltivoltine गरी ३३ जातका शुद्ध मातृश्रोत संरक्षण तथा वर्णशकर फुल उत्पादनमा सहयोग पुगेको । |
| रेशम कीरा पालन संवन्धित सात दिने अधिकृत स्तर सात दिने प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न | कृषि ज्ञान केन्द्र,रेशम फर्म तथा स्थानीय तहको सिफारिमा १० जना अधिकृतस्तर कर्मचारीलाई रेशम कीरापालनसंग सम्बन्धित ज्ञान सिप क्षमता अभिवृद्धि गरिएको । |
| पूजिगत सुधार तथा निर्माण कार्य | कार्यलय ग्रेनेज मातृ श्रोत तथा स्टोर भवन मर्मत सुधार तथा मा रँगरोगन (अफिस भवन मर्मत तथा सुधार) र ल्यापटप खरिद । |
| पकेट क्षेत्रमा रेशम कीरापालन तथा कोकन उत्पादन सम्बन्धी स्थालगत तालिम | बागमती गा.पा. गिम्दि, ललितपुर महानगरपालिका-२१, खोकना, बेथानचोक गा. पा.-२, ढुङ्गखर्क, चम्पादेबी गा.पा.-७, ओखलढूङ्गा, पनौती न.पा.-१२, भूमिडाँडा |
| किम्बु वगैचा व्यवस्थापन | किम्बु वगैचा गोडमेल, सिंचाई कुलो मर्मत, मलखाद प्रयोग तथा ग्याप फिलिङ । |

## ८. बेरुजु कायम स्थिति

| कार्यालयको नाम | कुल बेरूजु रकम | आर्थिक वर्ष २०८१/८२ | | फछर्यौट प्रतिशत | फछर्यौट हुन बाँकी बेरुजु रकम (आव २०८२/८३ सम्म) |
|---|---|---|---|---|---|
| | | बेरूजु फछर्यौट लक्ष्य रकम | बेरूजु फछर्यौट रकम | | |
| रेशम विकास केन्द्र | १०७१७०५ | ६४३०२३ | २५६००० | ४० | ८१५७०५ |

## ९. राजश्व प्राप्तिको तुलनात्मक विवरण

| विवरण | राजश्व शीर्षक | २०८१/८२ राजस्व रकम रु | कैफियत |
|---|---|---|---|
| कृषि उत्पादनबाट प्राप्त रकम | १४२१११ | १२४१५० | रेशम फुल तथा कोकुन विक्रिबाट प्राप्त राजश्व |
| अन्य प्रशासनिक सेवा शुल्क | १४२२९ | ६५००० | राष्ट्रिय च्याउ श्रोत केन्द्रको भवन निर्माण ठेक्का तथा बोलपत्र आह्वानबाट प्राप्त राजश्व |
| बेरुजु | १५१११ | ६५०० | असुल उपर गर्नुपर्ने बेरुजु दाखिला |
| शिक्षा क्षेत्रको आम्दानी | १४१२३ | | |

## १०. फार्म केन्द्रमा उत्पादित बीउ बेर्नाको उत्पादन स्थिति (पछिल्लो ५ वर्षको)

| फार्म/केन्द्र | आ.व. | स्रोत बीउ बेर्ना उत्पादन र बिक्री परिमाण | | | |
|---|---|---|---|---|---|
| | | उत्पादन | बिक्री | मौज्दात | मौज्दात रहनुका कारण |
| रेशम विकास केन्द्रबाट उत्पादित रेशम फूलको उत्पादन तथा वितरण परिमाण | २०७७/७८ | ३००० | ४५० | २५५० | प्रदेशिक रेशम फर्मबाट विजकोयाको कम उत्पादनले गर्दा रेशमको वर्णशंकर फूलको उत्पादनमा कमी आएको साथै कृषकबाट माग नभएकोले विक्रि वितरण पनि कम भएको |
| | २०७८/७९ | ३००० | ३१८ | २६८२ | |
| | २०७९/८० | २७०० | १५३ | २५४७ | |
| | २०८०/८१ | ९०० | १३९ | ७६१ | |
| | २०८१/८२ | ७०० | ७८ | ६२२ | |

| क्र.सं. | उत्पादन सामग्रीको विवरण | एकाई | परिमाण | | | बिक्री मूल्य रु. |
|---|---|---|---|---|---|---|
| | | | उत्पादन | बिक्री /वितरण | मौज्दात | |
| १ | रेशम फुल उत्पादन (C12J12) | बाकस | ७०० | ७८ | ६२२ | ३१०० |
| यस कार्यालयले वार्षिक ७०० बाकस रेशम फुल उत्पादन गरेको। तर रेशम फुलको माग अत्यन्त कम भएका कारण विउ उत्पादन कम गरिएको र गत आ.व.मा र यस आ.व.मा उत्पादन भएको रेशम फुल २५०० बाकस मौज्दात रहेको । | | | | | | |




| | 62/63 | 63/64 | 64/65 | 65/66 | 66/67 | 67/68 | 68/69 | 69/70 | 70/71 | 71/72 | 72/73 | 73/74 | 74/75 | 75/76 | 76/77 | 77/78 | 78/79 | 79/80 | 80/81 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Gorkha | | | | | | | | | | | | | | | | | | 6 | |
| Nawalpur | | | | | | | | | | | | | | | | | 20 | 20 | |
| Dang | | | | | | | | | | | | | | | 113 | 230 | 200 | 60 | 110 |
| Kavre | 21 | 71 | 140.5 | 125 | 131 | 106 | 150 | 134 | 180 | 63 | 5 | 5.5 | 17 | 2 | | 5 | | | |
| Chittapol | 12 | 12 | 16 | 6 | 6 | 2 | 16 | 8 | | | | | | 5 | 5 | 5 | 5 | 4 | |
| Dhankuta | 95 | 156 | 128 | 112 | 80 | 66 | 53 | 45 | 19 | 33 | 16 | 21 | 20 | 15 | 15 | 25 | 10 | 26 | 7 |
| Bhandara | 981 | 731 | 714 | 696 | 465 | 342 | 333 | 290 | 345 | 322 | 293 | 395 | 300 | 65 | 100 | 50 | | | |
| Itahari | 621 | 390 | 450 | 447 | 267 | 225 | 243 | 440 | 752 | 430 | 398 | 305 | 240 | | 120 | 100 | 65 | 24 | 12 |
| Bandipur | 273 | 284 | 268 | 219 | 200 | 190 | 180 | 55 | 177 | 110 | 150 | 70 | 44 | 20 | | | | | |
| Pokhara | 52 | 85 | 61 | 57 | 80 | 41 | 71 | 45 | 50 | 65 | 155 | 55 | 55 | 25 | | | | | |
| Syangya | 199 | 159 | 120 | 113 | 76 | 78 | 125 | 225 | 85 | 35 | 95 | 105 | 128 | 171 | | | | | |
| Dhunibesi | 617 | 150 | 619 | 535 | 463 | 275 | 365 | 297 | 95 | 490 | 350 | 160 | 175 | 50 | 59 | 35 | 18 | 12 | 10 |

## ११. कार्यालय सञ्चालनमा सहयोगी जिन्सीहरुको विवरण

| जिन्सी सामानहरू | जिन्सीको उपयोग अवस्था | | | लिलाम भएको | बाँकी जम्मा |
|---|---|---|---|---|---|
| | सञ्चालनमा रहेको | मर्मत गर्नुपर्ने | लिलाम गर्नुपर्ने | | |
| १. चारपाङ्ग्रे सवारी साधन | १ | | | | १ |
| २. मोटरसाइकल/स्कुटर | ५ | | ४ | | ९ |
| ३. ल्यापटप | ५ | | | | ५ |
| ४. डेस्कटप कम्पूटर | ४ | | ३ | | ७ |
| ५. फोटोकपी मेशिन | २ | १ | ० | | ३ |
| ६. प्रिन्टर | ३ | १ | | | ४ |

## १२. कार्यक्रम सञ्चालनमा देखिएका समस्याहरू

| समस्याको किसिम | कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू | समाधानका प्रयासहरू | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| नीतिगत | • रेशमको कोकुनको मूल्य कम भएकोले रेशम खेतीप्रति रुची कम हुँदै | • नयाँ मूल्य निर्धारण गरिएको र समयअनुसार | • Pre-cocoon र post cocoon को value chain actor विच Buy back guarantee agreement |

| समस्याको किसिम | कार्यान्वयनमा देखिएका मुख्य मुख्य समस्याहरू | समाधानका प्रयासहरू | समाधानका लागि सुझावहरु |
|---|---|---|---|
| | • समयमानै कोकुनको राजश्व रकम निर्धारण गरिनुपर्ने<br>• प्रदेशमा हस्तान्त्रीत रेशम फर्महरुको कार्यविवरणा परिवर्तन भएको<br>• सघ प्रदेश र स्थानीय तहको समन्वमा कमी | अद्यावधिकको लागि अध्ययन गरिएको।<br>• स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरणको लागि पहल गरिएको | गरी कार्यक्रम सञ्चालनमा जोड दिईएको ।<br>• प्रदेशिक रेशम फर्महरुको रेशम सम्बन्धित कार्यविवरणा छुटाउन नहुने ।<br>• संघ र प्रदेशमा गरी रेशमसंग सम्बन्धित नौ वटा फार्महरु विच कार्यत्मक संमन्वयको कार्यविधि निर्माण गरी जिम्मेवारी बाँडफाँड गर्ने । |
| प्राविधिक | • कृषक स्तरमा कोया सुकाउने तथा धागो बनाउने व्यवस्था नभएकोले कोया विग्रीएको<br>• नगन्य दक्षा प्राविधिक जनशक्ति | • फार्म केन्द्रमा ढुवानी गरि सुकाइ बिक्री गरिएको । | • स्थानीय तथा प्रदेश स्तरबाट कार्यक्रम प्रस्ताव गर्नुपर्ने । |
| व्यवस्थापकीय | • पूँजिगत कार्यक्रमको लागत अनुमान वनाउन समस्या अएको<br>• मातृश्रोत, ग्रेनेज प्रयोगशाला भवन तथा उपकरणहरु पुरानो र जृण भई विग्रिरहने,<br>• विधुतिय भोल्टेज न्यून भई कोल्ड रुम सञ्चालनमा कठीनाई तथा उपकरण विग्रीरहने<br>• ट्रान्सफर्मर विग्रिएको । | • पनौती नगरपालीकाको इन्जिनियरबाट काम गरिएको ।<br>• केन्द्रिय कृषि प्रयोगशालाबाट एक थान रेफ्रिजेरेटर सापट लिई काम भएको । | • प्राविधिक जनशक्ति करारमा राख्ने व्यवस्था हुन पर्ने,<br>• प्रयोगशाला नयाँ प्रविधिमा आधारित हुन पर्ने,<br>• विधुतिय प्रणाली परिवर्तन तथा सुधार गर्न पर्ने<br>• नयाँ ट्रान्सफर्मर जडानको कार्य भईरहेको । |

## १३. आन्तरिक समिक्षा क्रममा उठाइएका नीतिगत तथा मन्त्रालयसंग सम्बन्धित विषयहरु

| क्र.सं. | रेशम कार्यक्रम सम्वन्धमा सुझावहरु |
|---|---|
| १ | प्रदेश र स्थानीय तहहरुबाट रेशम प्रसार र विकासमा बजेट विनियोजन गर्न मार्गदर्शन उपलब्ध गराउने |
| २ | सम्भावित प्रदेश कोशी बागमति र लुम्विनीमा रेशम खेती विकास स:सर्त अनुदान उपलब्ध गराउने |
| ३ | सम्भावित स्थानीय तहहरुमा रेशम विकासको लागि स:शर्त अनुदान उपलब्ध गराउने (त्रिपुरासुन्दरी सिन्धुपाल्चोक, भुम्लु गापा काभ्रे, गडवा गापा दाङ्ग, चमेपादेवी र मोलुङ्ग गापा ओखलढुङ्गा, हरिहरपुरगढी गापा सिन्धुली, ) मिक्लाजुङ्ग गा पा मोरङ्ग र महालक्ष्मी न पा धनकुटा) |
| ४ | उत्पदनमा आधारित प्रोत्साहन कार्यक्रम (कोकुन उत्पादनको आधारमा उपलब्ध गराउने) |
| ५ | रेशम वीजको माग बृद्धि गर्न स्थनीय तह र प्रदेश मार्फत विकास र प्रसार र प्रवर्द्धन कार्यक्रम हुन आवश्यक रहेको । |

## १४. केन्द्रमा माग भए अनुसारको रेशम फुल वितरण स्थिति

| क्र.सं. | माग तथा खरिदकर्ताको नाम | ठेगना | परिमाण वाकस |
|---|---|---|---|
| १ | नमुना रेशम कृषक समूह | दाङ | ११० |
| २ | रेशम विकास कार्यक्रम | धनकुटा | ७ |
| ३ | प्रजनन् पढी विज कोया श्रोत केन्द्र | धादिङ | १० |
| ४ | रेशम प्रशोधन केन्द्र | सुनसरी | १२ |
| | **जम्मा** | | **१३९** |

## १५. मुख्य उपलब्धी भएका कार्यक्रमहरुको विवरण

| क्र.सं. | उपलब्धीहरु | परिमाणात्मक सूचक |
|---|---|---|
| १ | रेशमको फुल उत्पादन तथा वितरण | नेपालका विभिन्न स्थान दाङ, सुनसरी लगायतका जिल्लाका कृषकहरुले जम्मा ७८ वक्स फुल वितरण भइ कीरा पालनबाट २००० केजी कोकन उत्पादन हुन सहयोग पुगेको । |

| क्र.सं. | उपलब्धीहरु | परिमाणात्मक सूचक |
|---|---|---|
| २ | किम्बु बगैंचा व्यवस्थापन | कीम्वुको पुरानो तथा नयाँ बगैंचा गरि १०० रोपनीमा खनजोत काँटछाँट तथा मलखाद दीई बगैंचा सुधार कार्य शुरु गरिएको |
| ३ | ३३ जातको रेशम कीराको मातृश्रोत सरक्षण | ३३ जातका शुद्ध तथा वर्णशकर फुल उत्पादनमा सहयोग पुगेको । |
| ४ | रेशम कीरा पालन सम्बन्धी तालिम | विभिन्न स्थानीय निकाय तथा फर्मामा कार्यरत प्राविधिकको लाग १ वटा अधिकृत स्तर तालिम र ६ वटा कृषकको क्षमता अभिवृद्धिको लागि पकेट स्तर तालिम सञ्चालन गरिएको । |
| ५ | क्षेत्र विस्तार | ६ रोपनी जग्गामा नयाँ बिरूवा रोपण गरि बगैंचा विस्तार भएको । |
| ६ | पूजिगत सुधार तथा निर्माण कार्य | मातृश्रोत तथा ग्रेनेज एकाई मर्मत तथा रंगरोगन, बिज उत्पादन भवनमा ट्रस निर्माण । |
| ७ | किम्बु बिरूवाको जातिय संरक्षण | बिरूवाको नामकरण तथा संरक्षणको लागि Bordeux paste लेपन । |

## १६. उल्लेखनीय कार्यहरु (लक्ष्य नतोकिएका)

- कृषक, समूह, सहकारी, संघ संस्था तथा विद्यालयहरुबाट रेशम खेती प्रविधिसम्बन्धी अध्ययन अवलोकन भ्रमण आएका सहभागीहरुलाई रेशम खेतीवारे जानकारी दिईएको ।
- अध्ययन अवलोकन भ्रमण कार्यक्रमः फार्मको गतिविधि, किम्बुखेती, रेशम कीराको जीवन चक्र तथा रेशमखेतीको महत्व, फाईदा र आश्यकताका बारेमा अध्ययन गर्न विभिन्न क्षेत्रबाट आएका गै.स.स, कृषक, स्कुलका विद्यार्थी तथा अन्य ईच्छुक महानुभावहरुलाई भ्रमण तथा जानकारी प्रदान गरिएको ।
- रेशमखेती व्यवसायमा ईच्छुक तथा प्राविधिक सुझाव लिने आउने सेवाग्राहीलाई रेशमखेती व्यावसाय बारे जानकारी एवं आवश्यक पाठ्य सामाग्री समेत उपलब्ध गराई व्यवसाय तर्फ उन्मुख हुन सहयोग मिलेको ।
- परिसर व्यवस्थापन तथा नर्सरी सुधार
- नागरिक बडापत्र — कार्यालय अगाडी सर्वसाधारणले देखिने गरी राखेको ।

- रेशम कीराको जीवन चक्र — कार्यालय अगाडी सर्वसाधारणले देखिने गरी होडिगं बोर्ड राखेको ।
- किम्बुका जातहरुको विवरण तथा ट्यागीङ ।
- रेशम कीराको जातीय विशेषता सहितको होडिगं बोर्ड राखेको ।
- विभिन्न सरोकावाला निकायहरुसंग समन्वय गरि यस केन्द्र आसपासका किसानहरु लक्षित बाली उपचार शिविर र व्यावसायिक तरकारी खेती सम्बन्धी तालिम सञ्चालन गरिएको ।

# परिशिष्टहरु

## परिशिष्ट १. रेशमखेती खोपासीमा रहेका भवनको विवरण र प्रयोजन

| क्र.सं. | भवन | संख्या | किसिम | प्रयोजन | भवन कोठामा अतिरिक्त सुबिधा जडान |
|---|---|---|---|---|---|
| १ | कार्यालय | ३ | RCC १ तले १ वटा, जस्ता छाना १ तले ३ वटा | अफिस तथा स्टोर | |
| २ | मातृश्रोत रेशम कीरा (३५ जात) पालन तथा संरक्षण | १ | ईटाको गाह्रो, सिमेन्ट ढलान भएको आधा भाग २ तला | प्रजनन पिंढी पहिलो पुस्ताको कीरा पालन, फुल उत्पादन र शित भण्डारण | कोल्ड रुम ४, ईन्कुबेशन च्याम्बर १, मध्यमस्तर तापक्रम ब्यबस्थापन एसी १, विन्डो एसी २ |
| ३ | मातृश्रोत रेशम कीरा (३५ जात) पालन तथा संरक्षण | १ | | | |
| ४ | रेशम फुल उत्पादन तथा भण्डारण | २ | RCC १ तले १ वटा, टिनले छाएको १ तले १ वटा | प्रजनन पिंढी दोश्रो पुस्ताको कीरा पालन र फुल उत्पादन | कोल्ड रुम १, ईन्कुबेशन च्याम्बर १, मध्यमस्तर तापक्रम ब्यबस्थापन एसी १, विन्डो एसी २ |
| ५ | जेनेरेटर भवन | १ | ग्रीलले बारेको जस्ता छाना | कोल्डरुम, एसि नियमित संचालन गर्न नियमित विद्युत आपूर्ति | ५० के भी ए जेनेरेटर |
| ६ | रेशम कोया भण्डारण | १ | आर सि सी ढलान | कृषकहरुबाट खरिद गरेको कोया भण्डारण | पाटिसन गरिएको |
| ७ | रेशम धागो प्रशोधन (रिलिंग तथा | १ | ईटाको गाह्रो जस्ता छाना एक तले | रेशम कोया ग्रेडिंग तथा धागो कात्ने | कोया पकाउने बोईलर सुबिधा सहितको धागो कात्ने मेशिन |

| क्र.सं. | भवन | संख्या | किसिम | प्रयोजन | भवन कोठामा अतिरिक्त सुबिधा जडान |
|---|---|---|---|---|---|
| | टुईस्टिंग) | १ | आर सि सि एक तले | कातेको रेशम धागो टुईस्टिंग तथा बाईन्डिंग गर्न | टुईस्टिंग तथा बाईन्डिंग मेशिन जडान |
| ८ | वेस्टेज भण्डारण | १ | ईटाको गाह्रो जस्ता छाना एक तले | रिलिंग बेस्टेज भण्डारण तथा चर्खाबाट कात्ने कक्ष | |
| ९ | तालिम कक्ष | १ | ईटाको गाह्रो एक तले जस्ताको छाना | कृषक तथा प्राबिधिकलाई तालिम दिने | रेशम म्युजियम |
| १० | प्रशिक्षार्थी आवास | १ | ईटाको गाह्रो दुई तले ढलान | कृषक तथा मध्यमस्तर प्राबिधिक छात्रबास | |
| ११ | अफिसर क्वार्टर | ४ | ईटाको गाह्रो सिमेन्ट ढलान एक तले | अफिसर आवास | |
| १२ | नन् अफिसर क्वार्टर | ३ | ईटाको गाह्रो दुई तले जस्ताको छाना | नन् अफिसर आवास | |
| १३ | कीरा पालन टहरो | २ | ईटाको गाह्रो माटो भुई १ तले जस्ता/झिंगटी छाना | ठुला कीरा पालन गर्न | |
| १४ | कोया सुकाउने भट्टी | १ | ईटाको गाह्रो टिनको छाना | कृषकबाट कोया खरिद गरेर ल्याएपछि मोथ निस्कनु पुर्व प्युपा मार्ने काम | बाहिर कोया फिंजाउने बरण्डा र भित्र फलामको च्याकको सुबिधा भएको चिम्नी सहितको भवन |
| १५ | राष्ट्रिय च्याउ श्रोत केन्द्र | १ | RCC १ तले १ वटा पहिलो तला | Seed production and conservation block | आव २०८२/८३ मा Seed production & conservation block को सिभिल ईन्जीनरिङ सम्पन्नहुने साथै ग्रोथ र प्रोडक्सन सेड निर्माण हुदै |
| १६ | अन्य | ४ | ईटाको गाह्रो माटोको भुई एक तले जस्ता/झिंगटी छाना | फिल्ड सामाग्री स्टोर, ग्यारेज, विद्युत तथा स्टाबिलाईजर, पाले घर | |

## परिशिष्ट २. रेशमखेती विकास शाखामा रहेका ३५ जात मातृश्रोत रेशम कीराको जातीय विशेषता

| SN | Race | Source country | Entry year | Larval character | | Cocoon character | | Av. Shell ratio | Voltines |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | Marking 5th instar | Color | Appearance | Color | | |
| 1 | J1 | Japan | 1998 | marking at head and thorax two places | Cream white | Medium peanut | Brown white | 23 | Bivoltine |
| 2 | J2 | Japan | 1998 | Marking at head region | Cream white | Medium peanut | Brown white | 22 | Bivoltine |
| 3 | J3 | Japan | 2000 | Marking at head region | Cream white | Long peanut | Brown white | 21.84 | Bivoltine |
| 4 | C1 | Japan | 1998 | Plain | Apparent white | Long oval | Apparent white | 24 | Bivoltine |
| 5 | C2 | Japan | 1998 | Plain | Apparent white | Short oval | Apparent white | 22.78 | Bivoltine |
| 6 | C3 | Japan | 2000 | Plain | Apparent white | Long oval | Apparent white | 24.7 | Bivoltine |
| 7 | N4 | India | 1990 | Plain | Apparent white | Pointed long Oval | Silver white | 21.26 | Bivoltine |
| 8 | N5 | India | 1990 | Plain | Apparent white | Extended long oval | Brown white | 22.42 | Bivoltine |
| 9 | N6 | India | 1990 | Dark Marking at head region | Cream white | Deep Peanut | Brown white | 18.93 | Bivoltine |
| 10 | N7 | India | 1990 | Light marking at head region | White | Round Peanut | Brown white | 19.39 | Bivoltine |
